## मायादेवी गाउँपालिका रूपन्देहीको

## प्रतिवद्धता

स्थानीय शासनमा जवाफदेहीता पारदर्शीता कानुनको शासन र सहभागिता प्रवर्द्धन गरी सुशासन र सदाचारिता कायम गर्न मायादेवी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले देहाय बमोजिमको प्रतिवद्धता व्यक्त गर्दछौं ।

१. नेपालको स्वातन्त्रता, सार्वभौमिकता भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको अक्षुणतामा प्रतिकुल नहुनेगरी सदैव राष्ट्र र जनताको हितलाई ध्यानमा राखी आफ्नो पदीय जिम्मेवारीको पालना गरिनेछ ।

२. प्रत्येक आर्थिक बर्षको समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र परिवारको नाममा रहेको सम्पति विवरण स्थानिय तहमा पेश गरिनेछ ।

३.निर्वाचित पदाधिकारी र कर्मचारीको आचारसंहिता वनाई लागु गरिने छ । आफ्नो स्वार्थ गांसिएको बिषयको निर्णय प्रक्रियामा सहभागिता नहुने गरी आचार संहिताको पालना गरिने छ ।

४. कानुन बमोजिम पाउने पारिश्रमिक, सेवा सुविधा वा भत्ताबाहेक अन्य कुनै साधन र श्रोत, नगद वा जिन्सी कुनै प्रकारको लिने वा दुरुपयोग गरिने छैन । कानुन बमोजिम लिइएको सुविधाको विवरण बार्षिक रुपमा सार्वजनिक गरिनेछ ।

५. पूर्व जानकारी विना सेवा दिने कार्यक्षेत्र छोडिने छैन । बिशेष कारण बस सेवा दिने क्षेत्रमा उपस्थित हुन नसक्ने अवस्था रहेमा कानुनले तोकेको पदाधिकारी लाई जानकारी एवम अख्तियारी दिई सेवा प्रवाहको सुनिस्चितता गरिनेछ ।

६. स्थानीय तहवाट प्रदान हुने सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन नागरिक बडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

७. कानुन बमोजिम स्थानीय तहले गर्नु पर्ने सिफारिस तथा प्रमाणित गर्ने कार्य सत्य तथ्य बमोजिमको यथार्थ र बस्तुगत आधारमा गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८. स्थानीय सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाईनेछ । सेवाग्राहीको सहजताको लागी हेल्प डेस्क, सूचना अधिकारी, प्रवक्ता र गुनासो सुनुवाईको ब्यवस्था मिलाईनेछ ।

९. जाति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय राजनितिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नहुने गरी तथा कुनै समाजिक सुसम्बन्धमा खलल नपर्नेगरी कार्य सम्पादन गरिने छ ।

१०. अभिलेख ब्यवस्थापनलाई चुस्त बनाईने छ । कानुनद्धारा निर्दिष्ट तथ्याङ्क समयमै संकलन गरि पाश्वचित्र तथा श्रोतनक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

११. प्रत्येक बर्षको असाढ १० गते भित्र बार्षिक बजेट तथा कार्यक्रम तयार गरि असाढ मसान्त भित्र सभावाट स्विकृत गरि सार्वजनिक गरिनेछ ।

१२. आफ्नो कार्यक्षेत्र भित्रमा सञ्चालन गर्नु पर्ने विकास कार्यक्रमहरु प्रचलित कानुन बमोजिम योजना, कार्यक्रम वा बजेट स्विकृत गरेर मात्र कार्यान्वयन गरिनेछ । सो प्रकृया विपरित कुनै विकास कार्यक्रमको घोषणा, स्वीकृत वा सञ्चालन गरिने छैन ।

१३. सार्वजनिक खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, मितव्ययिता ,प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा गरिनेछ ।

१४.बार्षिक योजना तथा कार्यक्रममा अवण्डा विनियोजित गरी भविष्यमा सभाबाट अनुमोदन हुने गरी कुनै किसिमको खर्च गरिने छैन । ऐनमा व्यवस्था भएदेखी बाहेक कुनै पदाधिकारीको निर्णयबाट बार्षिक बजेट वा योजना परिर्वतन गरिने छैन ।

१५. बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सृजना हुने गरी खर्च गर्ने वा कोष विनाको दायित्व सृजना गरिने छैन । स्वीकृत कार्यविधि बमोजिम विशेष प्रयोजनको कोषबाट बाहेक अन्य कुनै कार्यक्रमबाट कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा वा पुरस्कार दिईने छैन ।

ध्रुव नारायण चौधरी
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

१६. स्थानीय तहको आम्दानी, खर्च र विकास योजनाको प्रगति विवरण मासिक र चौमासिक अवधि समाप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र सार्वजनिक गरिनेछ ।

१७.चौमासिक विभाजन अनुसार खर्च योजना तयार गरी पूँजिगत खर्चलाई प्रभावकारी बनाइनेछ । आर्थिक वर्षको अन्त्यतिर खर्च हुंदा वित्तीय र निर्माण कार्यको गुणस्तरमा हुनसक्ने जोखिमलाई कम गर्न अन्तिम चौमासिक अवधिमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्सहित गरिनेछ ।

१८. स्वीकृत वार्षिक बजेटको अधिनमा रही पूँजिगत शिर्षकमा २५ प्रतिशतभन्दा बढी रकमान्तर सम्बन्धी प्रचलित कानुनमा भएको व्यवस्था पूर्ण रुपमा पालना गरिनेछ ।

१९. विभिन्न समिति,उपसमिति वा कार्यदल र उपभोक्ता समिति गठन गर्दा महिला, दलित, अल्पसंख्यक लगायत समुदायको उचित प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाईनेछ ।

२०. सभा एवम् कार्यपालिका बैठकको निर्णय ३ दिन भित्र वेवसाइट, मुखपत्र वा सूचना पाटी मार्फत सार्वजनिक गरिनेछ । सार्वजनिक गरेपश्चात मात्र निर्णय कार्यान्वयन गरिनेछ ।

२१. स्थानिय तहको सेवाप्रवाह र सञ्चालित योजना तथा कार्यक्रमहरुको सम्बन्धमा प्रत्येक चौमासिक अवधि सम्पन्न भएको १५ (पन्ध्र) दिनभित्र सरोकारवालाहरुलाई आमन्त्रण गरी सार्वजनिक सुनवाई गरिनेछ ।

२२. सदाचार र नैतिक मूल्यहरुको प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणका लागि नैतिक विषय, नागरिक शिक्षा जस्ता सामाजिक सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

२३. आयोजना र कार्यक्रमहरुको आवधिक रुपमा समिक्षा र मूल्याङ्क गरी सोको प्रतिवेदन विद्युतीय र छापा मध्यमबाट सार्वजनिक गरी पृष्ठपोषण लिइनेछ ।

२४. स्थानिय स्तरको भू-उपयोग निति तर्जुमा गरी एकिकृत बस्ती विकासको कार्यक्रम लागु गरिनेछ ।

ध्रुव नारायण चौधरी
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

२५.आफ्नो स्वामित्वमा रहेको वा हक हस्तान्तरण भई आएको सम्पूर्ण चल अचल तथा जिन्सी सम्पत्तिको अभिलेख अध्यावधिक गरी सम्पत्तिको संरक्षण गरिनेछ । सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत, पारिवारीक वा दलीय लाभको प्रयोग गरिने छैन ।

२६. आफ्नो क्षेत्र भित्रको सार्वजनिक तथा सामुदायिक सम्पत्ति कानुन वमोजिम बाहेक वेचविखन गर्न वा अन्य कुनै ब्यहोराले हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण हुने गरी सिफारिस गरिने छैन ।

२७.आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा बनाईएको ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन गरे पश्चात मात्र लागु गरिने छ ।

२८. सभा वाट कानुन नवाई कुनै पनि किसिमको कर लगाउन वा करका दरहरुको निर्धारण र हेरफेर गर्ने वा उठाइने छैन ।स्थानीय कर, शुल्क, दस्तुर, जरिवाना लगायतका आन्तरिक राजश्वको प्रक्षेपण गरी आन्तरीक आय वृद्धि गर्ने कार्ययोजना वनाई संकलनको मासिक तथा चौमासिक लक्ष्य हासिल गर्ने प्रयत्न गरिनेछ ।

२९. सार्वजनिक खरिद गर्दा वा सार्वजनिक निर्माण कार्य गर्दा प्रचलित कानुनी प्रकृया बमोजिम लागत इष्टिमेट स्वीकृत गराएर मात्र खरिद वा निर्माण प्रक्रिया अघि वढाईने छ । कार्य सम्पन्न भए पस्चात कार्य सम्पन्न प्रतिवेदनका आधारमा मात्र रकम भूक्तानी गरिनेछ ।

३०. आर्थिक बर्ष शुरुहुनु भन्दा १५ दिन अगावै आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री,ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट तोकिने छ ।

३१. स्वीकृत दरवन्दी भन्दा वढी कर्मचारी नियुक्ति गरिने छैन । विशेष परियोजना वा कार्यक्रममा बाहेक नियमित सञ्चालनका लागी अस्थायी दरवन्दी सिर्जना गरिने छैन ।

३२. नेपाल सरकारको स्वीकृत लिएर मात्र सरकारी अभिलेखमा रहने गरी वैदेशिक सहायता लिने, स्वीकार गर्ने वा वैदेशिक सम्झौता गर्ने व्यवस्था गरिने छ ।

ध्रुव नारायण चौधरी
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

३३. नेपाल सरकारबाट स्वीकृत नियमावली वा कार्यविधिको आधारमा भ्रमण स्वीकृत भएपछि् मात्र बैदेशिक भ्रमण गरिने छ ।

३४. महालेखा परिक्षकबाट प्राप्त अन्तिम लेखापरिक्षण प्रतिवेदन पास भएको १५ दिन भित्रा प्रतिवेदनका मुख्य अंशहरु आफ्नो वेभसाइट मार्फत प्रकाशन गरिने छ ।

३५. कुनै पनि कार्यक्रम वा समारोहमा मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ को प्रयोग गरिने छैन ।

जनप्रतिनिधिको तर्फबाट

ध्रुवनारायण चौधरी

अध्यक्ष

मायादेवी गाउँपालिका

कर्मचारीको तर्फबाट

रामनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका

इति सम्वत २०७५ साल ०७ महिना ११ गते रोज १ शुभम् .....................।